नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

२०५९

(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. : ४२००३३९, ४२००३४२, ४२०
हटलाइन : ४२००३४५
फ्याक्स : ४२००४००
इमेल : navic@nvc.gov.np
वेवसाइट : www.nvc.gov.np
सिंहदरबार, काठमाडौं


प.सं. २०७३/७४

मितिः २०७४/३/१३

| च.नं: | १ | १ | २ | ० | ७ | ० | ० | १ | ३ | ६ |
|---|---|---|---|---|---|---|---|---|---|---|

## विषय : सम्पत्ति विवरण सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाण्डौ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र कार्यरत रहेका पदाधिकारी/कर्मचारीहरुले आ.ब. समाप्त भएको मितिले ६०(साठी) दिन भित्र (२०७४ भाद्र २८ गते) आ.ब. २०७३।७४ को सम्पत्ति विवरण बुझाए/नबुझाएको सम्बन्धमा तपसिलमा उल्लेख भए बमोजिम गर्नु/गराउनु हुन सोही ऐनको दफा ३८ उपदफा (ग) अनुसार निर्णयानुसार अनुरोध छ ।

१. आ.व. शुरु भएको मितिले ६०(साठी) दिन भित्र निजामती कर्मचारीहरुले निजामती कितावखाना, नेपाली सेनाले सैनिक अभिलेखालय, प्रहरीहरुले प्रहरी किताबखाना र बिघालयका शिक्षक/कर्मचारीहरुले बिद्यालय शिक्षक किताबखानामा बुझाउने व्यवस्था गर्नु/गराउनु हुन अनुरोध छ ।
२. बुँदा नं. १ मा उल्लेखित निकायहरुमा कार्यरत सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले सम्पत्ति विवरण बुझाउने/समय पश्चात बुझाउने र नबुझाउनेहरुको विवरण तयार गरी कार्तिक मसान्त भित्र यस केन्द्रमा पठाउनु हुन अनुरोध छ ।
३. स्थानीयतह, बिश्वविद्यालयहरु, आयोग, प्रतिष्ठान, समिति, संघ, संस्थान, बोर्ड, लगायतका अन्य सार्वजनिक निकायमा कार्यरत पदाधिकारी/कर्मचारीहरुको सम्पत्ति विवरण नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०६७।१।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनामा उल्लेखित मन्त्रालय/निकायहरुमा बुझाउने व्यवस्था गर्नु/गराउनु हुन अनुरोध छ । (सूचना संलग्न छ)
   - तहाँ मन्त्रालय र अन्तर्गत रहेका निकाय/कार्यालयहरुको संख्या र कार्यरत पदाधिकारी र कर्मचारीहरुको कूल दरबन्दी संख्या र कार्यरत संख्या एकिन गरी सोको जानकारी यस केन्द्रमा पठाउनु हुन अनुरोध छ ।
   - तोकिएको समयमा सम्पत्ति विवरण बुझाउने एवं समय पश्चात बुझाउने र नबुझाउने पदाधकारी/कर्मचारीहरुको विवरण तयार गरी यस केन्द्रले संचालन गरेको Online Software (bibaran.nvc.gov.np) मा Data Entry गर्नु/गराउनु हुन अनुरोध छ ।

(परशुराम पोखरेल)
उप सचिव

सम्पत्ति विवरण समयमा बुझाऔं दण्ड जरिवानाबाट बचौं ।

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

(नेपाल राजपत्रमा प्रकाशित मिति २०६७।१।६)

नेपाल सरकारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफ (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१.क को उपदफा (१) को प्रयोजनको लागि सार्वजिनिक पद धारण गरेका देहायका व्यक्तिहरुले यसै साथ संलग्न ढाँचामा आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण पेश गर्ने प्रयोजनको लागि देहाय बमोजिमको निकाय तोकेको छ ।

| क्र.सं. | सार्वजनिक पद | विवरण पेश गर्नु पर्ने निकाय |
|---|---|---|
| १ | राष्ट्रपति तथा उपराष्ट्रपति । | राष्ट्रपतिको कार्यालय |
| २ | प्रधानमन्त्रि, उप-प्रधानमन्त्रि, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री । | प्रधानमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय |
| ३ | संवैधानिक निकायका पदाधिकारी तथा सदस्य । | संवैधानिक परिषद्को सचिवालय |
| ४ | व्यवस्थापिका संसदका अध्यक्ष, सदस्य तथा पदाधिकारी । | व्यवस्थापिका संसद सचिवालय |
| ५ | राष्ट्रपतिबाट मनोनित तथा नियुक्त अन्य पदाधिकारी । | प्रधानमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय |
| ६ | सर्वोच्च अदालत, पुनरावेदन अदालत, विशेष अदालत र जिल्ला अदालतका न्यायधीश । | न्याय परिषद् सचिवालय |
| ७ | निजामती सेवाका कर्मचारी । | निजामती किताबखाना |
| ८ | नेपाली सेना । | नेपाली जंगी अड्डा |
| ९ | नेपाल प्रहरी, सशस्त्र प्रहरी र विशेष सेवाका कर्मचारी । | प्रहरी किताबखाना |
| १० | राष्ट्रिय योजना आयोगका सदस्य । | प्रधानमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय |
| ११ | नेपाल सरकारले नियुक्ति वा मनोनित गरेका अन्य पदाधिकारी । | सम्बन्धित मन्त्रालय |
| १२ | लेखा परिक्षण सेवाका कर्मचारी । | महालेखा परिक्षकको विभाग |
| १३ | नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, समिति वा प्रचलित कानून बमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्थाका पदाधिकारी तथा कर्मचारी । | सम्बन्धित मन्त्रालय |
| १४ | नेपाल सरकारद्वारा संचालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्थाका पदाधिकारी तथा कर्मचारी । | सम्बन्धित मन्त्रालय |
| १५ | नेपाल सरकारद्वारा संचालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विद्यालयका शिक्षक तथा कर्मचारी । | शिक्षक किताबखाना |
| १६ | स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकायका पदाधिकारी तथा कर्मचारी । | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| १७ | नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा संचालित संस्थाका पदाधिकारी तथा कर्मचारी । | सम्बन्धित मन्त्रालय |
| १८ | क्र.सं. १३, १४, १५, १६ र १७ मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्थाका पदाधिकारी तथा कर्मचारी । | सम्बन्धित मन्त्रालय |
| १९ | क्र.सं. १ देखि १८ सम्म उल्लेख गरिएका देखि बाहेक सार्वजिनक पद धारण गरेका अन्य पदाधिकारी तथा कर्मचारी । | सम्बन्धित मन्त्रालय |
| २० | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजिनक संस्था भनी तोकेको अन्य संस्थाका पदाधिकारी तथा कर्मचारी । | सोही सूचनामा तोकिएको निकाय |

दृष्टव्य: सम्पत्ति विवरणको फाराम www.pis.gov.np मा Download गरी प्राप्त गर्न सकिने छ ।

नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार

# आ.ब. २०७३।७४ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी

## सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६०(साठी) दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरुले आ.ब. २०७३।७४ को सम्पत्ति विवरण नयाँ नियुक्ति भएको वा आर्थिक वर्ष समाप्त भएको मितिले ६०(साठी) दिन भित्र नेपाल सरकारले तोकेको निकाय वा अधिकारी समक्ष तोकिएको ढाँचामा सम्पत्ति विवरण भरी बुझाउनु हुन अनुरोध छ ।

निजामती कर्मचारीले निजामती किताबखानामा, नेपाली सेनाले सैनिक अभिलेखालयमा, नेपाल प्रहरीले प्रहरी किताबखानामा, विद्यालय शिक्षक/कर्मचारीहरुले विद्यालय शिक्षक किताबखानामा र अन्य सार्वजनिक निकाय(स्थानीयतह/विश्वविद्यालयहरु/आयोग/प्रतिष्ठान/समिति/व्यवस्थापिका संसदका माननीय सदस्यहरु/संघ/संस्थान/बोर्ड/ लगायतका अन्य सार्वजनिक निकाय आदि)मा कार्यरत सार्वजनिक पद धारण गरेका व्यक्तिले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०६७।१।६ को राजपत्रमा प्रकाशित सूचनामा तोकिएको निकायमा सम्पत्ति विवरणको खाम बन्दी गरी बुझाउनु पर्ने छ । उक्त सूचना यस केन्द्रको Website: www.nvc.gov.np मा राखिएको छ । सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारवाहीको लागि सिफारिस गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।